# Law and Gospel

# विधी र शुभसमाचार

सी. एफ. डब्लु. वाल्थर
वाल्टर सी. पाइफर र
पौल टी. प्रेन्गी



# विधी र शुभसमाचार

सी. एफ. डब्लु.  वाल्थर
वाल्टर सी. पाइफर  र पौल टी. प्रेन्गी

बाइबल कक्षा एकिकृत शिक्षण सहायक कार्यक्रम Martin Luther College (मर्टिन लुथर कलेज)
1995 Luther Ct.; New Ulm, MN; 56073. USA को पाठय क्रम मा लिइएको हो। यो पाठयक्रम
नेपाली श्रम तालिम कार्यक्रम को अनुमतिले प्रयोग गरिएको छ।
अनुवादक अशोक चौधरी

# विधी र शुभसमाचार

## सी. एफ. डब्लु. वाल्थर छुट्टयाउनु भएको विधी र शुभ समाचार।
## र वालटर सि. पाइपर को "परमेश्वर को हो अथवा होइन" पुस्तक बाट


परिचय- विधी भनेको के हो ? र शुभसमाचार भनेको के हो ? ................................ १

टिप्पणी १ ................................... .. . ............................................... ५
एउटा क्रस्तियन शिक्षकले विधी र शुभसमाचार सही रुपले व्यवहार मा ल्याउन जान्दछ। पवित्र आत्माले कस्तो गर्दा बाइबल सही ढंग ले बुझ्न सकिन्छ भनेर शिक्षा दिनुहुन्छ।

टिप्पणी २ ................................... .. . ...............................................१०
एउटा क्रिस्तिन शिक्षकले परमेश्वरको शब्दलाई जब मनिसहरु (जो आफुले गरेको पाप सुरक्षित ठान्दछ) समक्ष भन्नु हुन्छ वंहाले ब्यबहार मा लागु गर्नुहुन्छ।

टिप्पणी ३ ................................... .. . ............................................... १२
एउटा क्रिस्तियन शिक्षकले जब मनिसहरु संग (जो आफुले गरेको पापबाट डराएका छन) परमेश्वर को शुभसमचार भन्नुहुन्छ तब वहाँले व्यवहार मा ल्यानुहुन्छ।

टिप्पणी ४ ................................... .. . ...............................................१४
एउटा क्रिस्तियन शिक्षकले जब एउटा पापीले पश्चताप गरयो भने उसले पापबाट क्षमा पाउदछ भनेर परमेश्वरको शब दलाई सहि प्रयोग नगरेर उसले ती शब्दहरुलाई व्यवहार मा ल्याउदैन।

टिप्पणी ५ ................................... .. . ............................................... १८
एउटा क्रिस्तियन शिक्षकले शुभसमाचार को प्रतिज्ञा को बारेमा भन्छ र परमेश्वरले जसले यो प्रतिज्ञालाई सुन्छ उसको हृदयमा विश्वास राख्नुहुन्छ। एउटा क्रिस्तियनले कहिलेपनि यो सोच्नु हुदैन कि उसले आफै विश्वास गर्न सक्छ वा आफैले आफैलाई विश्वास गर्न सहयोग गर्न सक्छ भनेर।

टिप्पणी ६ ................................... .. . ............................................... २०
एउटा क्रिस्तियनलाई मुक्तीकोलागि कुनै चर्चको सदस्य हुन जरुरी छैन।

टिप्पणी ७ ................................... .. . ............................................... २३
एउटा क्रिस्तियन शिक्षकले जव परमेश्वरको विधी को कुरा गरेर मानिसहरुलाई राम्रो कार्य गराउन कोशिश गर्दछ तव उसले परमेश्वरको शब्द राम्रो संग व्यवहारमा ल्याउदैन।

टिप्पणी ८ ................................... .. . ............................................... २६
एउटा क्रिस्तियन शिक्षकले जव शुभसमाचारलाई महान बनाएर शिक्षा दिन्छ अथवा आफ्नो उपदेशमा प्रयोग गर्दछ उसले परमेश्वरको शब्दलाई राम्रोसंग व्यवाहार मा ल्याउदछ।

# विधी र शुभसमाचार

परिचय:  विधी भनेको के हो ? र शुभसमाचार भनेको के हो ?

१- डाक्टर मार्टिन लुथर ले भन्नुभयो, “त्यस व्यक्ती जसले विधी र शुभसमाचार छुट्टै सुचीमा राख्न सक्छ त्यसलाई पवित्र धर्म ग्रन्थको डाक्टर भन्नुस” ( जनवरी १, १५३२ को प्रवचन, जुन गलाती ३:२३,२४ मा आधरित थियो)

डा. मार्टीन लुथर एउटा जर्मन पुजारी हुनुहुन्थ्यो जो क्रिस्तियन चर्च सुधारक भनेर चिनिनुहुन्छ |

१) येशुले क्रिस्तिय चर्चको **रचना** गर्नु भयो |
२) गलत शिक्षक हरुले चर्चलाई **बिगारे** |
३) मार्टिन लुथर ले क्रिस्तियन चर्च लाई **सुधारेर** फेरी चर्चमा येशु खिष्ट र बाइबल शिक्षा लाई फिर्ता ल्याउनु भयो |

२- त्यसै प्रवचनमा, लुथर ले विधि भनेको के हो प्रष्ट पार्नुभयो : “परमेश्वर को शब्द र वँहाको आज्ञा जसमा हामी लाई के गर्नु पर्दछ र के गर्नु हुनदैन र हाम्रो आज्ञाकारिता अथवा सेवा को माग गर्दछ | ” र वँहा ले “(शुभसमचार) एउटा धर्म सिध्दान्त अथवा परमेश्वरको शब्दहरुको शिक्षा जसले हाम्रो कार्य माग्दैन अथवा आज्ञा दिदैन तर हामीलाई परमेश्वर को कृपा र हाम्रो गरेको पापहरुकोलाई र त्यसवाट मुक्ती को लाई क्षमादान को सामान्य कुरा लिन भन्छ” भनेर (शुभसमाचार को परिभाषा दिनु भयो |

३- शुभसमाचार इश्वरिय शिक्षा र विधी मानविय शिक्षा हो भनेर नभन्नुहोस | दुबै शुभसमाचार र बिधी परमेश्वर को शब्दहरु हुन |

४- यो नभन्नुहोला कि शुभसमाचार मात्र चाहिन्छ तर विधी भने चाहिदैन | विधी फालतु थपेको होइन जसलाई हामी फ्याक्न सक्दैनौ | दुबै बिधी र शुभसमाचार परमेश्वरको शब्दको शिक्षा दिन र उपदेश दिन चाहिन्छ | विधी बिना शुभसमाचार बुझिदैन | शुभसमाचार बिना विधी हाम्रोलाई आषिश हुन सक्दैन |

५- यो नभन्नुहोला विधीले पुरानो काारको शिक्षा दिन्छ र शुभसमाचार ले नंया करारको | पुरानो करारमा शुभसमाचार छ भने नया करारमा विधी छ |

६- यो नभन्नुस कि विधि र शुभसमाचार को भिन्ना भिन्नै लक्ष्य छ जस्तै कि शुभसमाचार ले मानिहरुलाई पाप क्षमा गरेर बचाउछ र विधी ले मानिसहरुलाई को सजाय लाई लक्षित गर्छ | मानिसहरुको मुक्ती विधी र शुभसमाचार को लक्ष्य हो | तर विधीले कोही पापमा परयो भने बचाउन सक्दैन | विधीले हामीलाई शुभसमाचार लिन तयार गराउछ | शुभसमाचार मार्फत विधी पुर्ण हुन्छ |

७- यो नभन्नुस कि विधी र शुभसमाचार एक अर्का संग असहमत हुन्छन। त्यँहा बाइबलमा कुनै असहमति छैन। विधी र शुभसमाचार स्पष्ट तरिकाले भिन्न छन, तर एक अर्का संग मिलेर कार्य गर्न भने निपुण छन।

८- यो नभन्नुस कि यी मध्ये एउटा मात्र क्रिस्तियन हरुलाई शिक्षा दिन बनाएको हो। एउटा क्रिस्तियन को निम्ति विधी पनि महत्वपुर्ण छ। यदि कसैले आफनो शिक्षामा दुई मध्ये कुनै धर्म सिध्दान्त लाई प्रयोग गर्दैन भने, उ सच्चा क्रिस्तियन नै होइन।

९- शुभसमाचार र विधी बिच को मुख्य फरक निम्न लिखित छ।

१) कसरी उनिहरुलाई वनायो भन्ने मानवजाति लाई थाहा दिएर।
२) त्यसमा के के छ
३) कस्तो प्रकार को प्रतिज्ञा उनिहरु ले दिन्छन
४) उनिहरुको चेतावनी
५) उनिहरुको धर्म सिध्दान्तको कार्य र प्रभाव
६) र कस्तो व्यक्ती संग कुन खाले धर्म सिध्दान्त बोल्दा उचित हुन्छ।

१०- विधी र नियम उनिहरु लाई कसरी बनाएको त्यसमा फरक छ। मानिहरुको हृदयमा विधी लेखिएर सृष्टि गरिएको हो। पापले गर्दा हाम्रो हृदयमा लेखिएको विधी मधुरो भयो तर पुर्णतया मेटिएको छैन। यदि तपाई ले विधी को बरेमा कुनै विश्वास नै नगर्ने व्यक्ती संग भन्नु भयो भने उ भित्रको सानो अवाजले उसलाई भन्नेछ, "हो यो सत्य हो"। तर यदि उसलाई शुभसमाचार भन्नु भयो भने उ भित्रको आवाजले यस्तो गर्ने छैन तर शुभसमाचार को कुरा गर्दा उ रिसाउन सक्छ।खराब विश्वासकर्ता यो मान्दछ कि विधीले जे लेखेको छ अथवा भन्छ त्यो कुरा मान्नु पर्छ। किन? किन भने विधी उसको हृदयमा लेखिएको छ। शुभसमाचार को कुरा गर्दा अवस्था फरक हुन्छ शुभसमाचार ले परमेश्वरको प्रेरणा र वँहा को कृपा को बरेमा भन्दछ। यि प्रेरणाहरु स्पष्ट देखिदैन र परेमेश्वरले शुभसमाचार मा के गर्नु भयो त्यसो गर्न पर्दैन।

११- विधी र शुभसमाचार भित्र के छ त्यसले उनिहरुलाई फरक वनाउछ। विधी ले हामी के गर्न जादैछौ त्यो भन्छ भने शुभसमाचार ले परमेश्वरले हाम्रो निम्ति के गरि राख्नु भएको छ त्यस बारेमा भन्छ। विधीमा हामी हरु १० आदेश को बारेमा सुन्छौ। शुभसमाचारले यस्तो केही भन्दैन। विधिले परमेश्वर को क्षमादान र प्रभुको कृपा र वँहाको अपार मायाको बारेमा केही भन्दैन। यसले आदेश दिन्छ र आदेश को पालना चाहन्छ। शुभसमाचारले दिन मात्रै जनेछ यसले आषिश र सत्यता प्रदान गर्छ।

१२- विधी र शुभसमाचार को भिन्दा भिन्नै पतिज्ञाहरु छन। विधीले अनन्त जिवन र मुक्ती को वचन, शुभसमाचारले जस्तै दिन्छ तर त्यंहा ठुलो फरक छ : विधीको वचन तब पुरा हुन्छ जव सवै विधी लाई **निपुणताका** साथ पालन गरिन्छ। विधीले हामीलाई मुक्ती प्रदान गर्छ तर कँहा गएर लिन सक्छौ त्यो भन्दैन। विधीले भन्छ "म तिम्रो भोक र प्यासा आत्मा लाई सन्तुष्ट गर्छु " । तर यो पुर्ण गर्न सक्दैन किन भने यसले फेरी थप्छ र भन्छ … " जब तिमिले मेरो आदेश को पालना राम्रो सित

गर्नेछौ।" अब शुभसमाचारलाई हेर्नुस यसले हामिलाई परमेश्वरको कृपा, अपार माया र मुक्ति केहि गर्न नलगाएर दिन्छ।यो **सित्तैमा** दिऐको कृपा हो।शुभसमाचारले भन्छ,"मैले दिएको लेउ, र आफुसंग राख" यो एक प्रकार को निमन्त्रणा हो।

१३- विधि र शुभसमाचारको बेग्ला बेग्लै चेतावनी छन। शुभसमाचार ले हामीहरुलाई चेतावनी नै दिदैन। यसले हामीलाई सन्तोष दिन्छ। यदि बाइबलमा कुनै चेतावनी छ भने, निश्चित हुनहोस कि यो विधी हो भनेर, किनभने विधी नै चेतावनी हो। "आत्मा जसले पाप गर्दछ मर्नेछ"।

१४- विधी र शुभसमाचार को प्रभाव भिन्न छन।
विधीका तिनवटा प्रभावहरु छन :
**प्रथम** विधीले हामीले के गर्नु पर्छ भन्ने बारेमा बताउछ, तर गर्न सक्ने सक्षम वनाउदैन। वरु विधीको कुराहरु नमान्ने बनाउन सक्छ।
**दोस्रो** विधीले हाम्रो पापहरु छोप्दैन (देखाउछ), तर पापबाट बहिर निस्कने सहयोग गर्दैन। परिणाम स्वरुप हामी निराशा तिर धकेलिन्छौ।
**तेस्रो** विधीले हामीले गरेको कार्य को लागी दु: खी बनाउछ। यसले हामीलाई नर्कको मृत्यु र परमेश्वरको रिस को भय छेखाउछ।तर पापीहरु लाई सम्वेदमा भने दिदैन।

शुभसमाचार को प्रभाव पुर्णतया फरक छ।
**प्रथम** जव शुभसमाचारले विश्वास को माग गर्दछ , यसले हामीलाई विश्वास प्रदान गर्छ। जव हामी ले मानिसहरुलाई भन्छौ, " प्रभु येशु ख्रिष्ट मा विश्वास गर" परमेश्वरले हाम्रो शब्द द्वारा उनिहरुलाई विश्वास दिनुहुन्छ।
**दोस्रो** शुभसमाचारले पापीहरुलाई कहिलयै पनि गाली गर्दैन, बरु यसले उनिहरुको भयलाई र मनिसिक तनावलाई टाढा लैजान्छ। तर्सथ शुभसमाचारले पापीहरुलाई आत्मा पवित्र गरेर शान्ति र आनन्द दिन्छ
।
**तेस्रो** शुभसमाचारले केही असल कुरा जुन व्यक्तीले दिनु पर्दछ माग्दैन। हामीलाई असल हृदय, असल विचार, हाम्रो जिवनको प्रगति परमेश्वर या वंहा का मानिसहरु प्रति हाम्रो माया केही दिनु पर्दैन। यसले माया हाम्रो हृदयमा रोप्छ जसले हामीलाई सवै असल कार्य गर्न सक्षम बनाउछ। यसले केही माग्दैन, तर सबैथोक दिन्छ।

१५- हामी ले विधी र शुभसमाचार फरक व्यक्तीहरुलाई सुनाउदछौ। हामीले पापीहरु (जो आफैलाई सुरक्षित ठान्दछन) संग विधी को कुरा गर्दछौ। हामी ले ति पापिहरु जो आफुले गरेको पाप संग सचेत छन र त्यसबाट उम्कन उनिहरुलाई सहयोग को खाँचो छ त्यस्तो व्यक्तिहरुसँग शुभसमाचार को कुरा गर्दछौ।हामी दुबै धर्म सिध्दान्त को कुरा गर्छौ , तर हामी यो सोध्छौ, "कस्तो व्यक्ती हरुलाई शुभसमाचार भन्दा बढी विधीको खाँचो छ ?" तिमोथी १:८-१० अध्ययन गर्नुस जवसम्म एउटा ब्यक्ति आफुले गरेको पापसंग खुशी छ अथवा त्यस पाप लाई त्याग्ने इच्छा गर्दैन, हामी त्यस व्यक्ति संग केवल विधी को मात्र कुरा गर्छौ। विधीले सराप्छ र पापको निन्दा गछ। तर जव त्यो व्यक्ती डराउन थाल्छ, हामी शुभसमाचारको कुरा भन्छौ। शैतान ले जव सम्म तपाईमा एउटा पनि पापलाई राखी राख्दछ तव सम्म तपाई शुभसमाचारको संन्देश भन्न योग्य हुनुनुन्न तर तपाई ले विधीको संन्देश भन्न

सक्नु हुन्छ। उदास र दुखी पापीहरु संग हामी विधीको संन्देश भन्दैनौ। के एउटा शिक्षकले विधीको संन्देश उदास पापी संग गर्न उचित हुन्छ ? एउटा क्रिस्तिय शिक्षकले उदास पापीलाई यस्तो भन्नु पर्छ, "आउनुहोस! तपाई जति पापी भएपनि, तपाईको लागि ठाँउ छ। तपाई यहुदा अथवा कयिन जो भए पनि ठाँउ छ। येशु संग आउनुहोस!" ।

# विधी र शुभसमाचार परिचय को प्रश्नोत्तर

**भाग १:**
डाक्टर मार्टिन लुथरले कस्तो व्यक्तीलाई धर्मग्रन्थको डाक्टर भन्नु हुन्छ ?

**भाग २:**
डाक्टर मार्टिन लुथरको परिभाषा पढेपछी , आफ्नो शब्दमा
विधी –

शुभसमाचार– को परिभाषा दिनुहोस ।

**भाग ३–८ :**
विधी र शुभसमाचार को बारेमा के ठिक छ?
भाग ३ मा –
भाग ४ मा–
भाग ५ मा–
भाग ६ मा–
भाग ७ मा–
भाग ८ मा–

**भाग ९–१५ :**
भाग ९ देखी १५ सम्म को जानकारी हरुको प्रयोग गरेर विधी र शुभसमाचार विच ६ वटा फरक लेख्नुहोस

| | |
|---|---|
| कसरी प्रत्यक्ष: | विधी– |
| | शुभसमाचार – |
| के के छ : | विधी– |
| | शुभसमाचार – |
| वचन: | विधी– |
| | शुभसमाचार – |
| भय : | विधी– |
| | शुभसमाचार – |
| प्रभाव: | विधी– |
| | शुभसमाचार – |
| मनिसहरुलाई भन्ने: | विधी– |
| | शुभसमाचार – |

## विधी र शुभसमाचार
## टिप्पणी एक

**टिप्पणी एक –**

एउटा क्रस्तियन शिक्षकले विधी र शुभसमाचार सहीरुपले व्यवहार मा ल्याउन जान्दछ। पवित्र आत्माले कस्तो गर्दा बाइबल सही ढंग ले बुझ्न सकिन्छ भनेर शिक्षा दिनुहुन्छ।

१. बाईबलले परमेश्वरको शुध्द शब्दहरुको शिक्षाको माग गर्दछ। हामीले बाइबल शिक्षा दिइसके पछी, हामी यो भन्न सक्नुपर्छ , " म किरिया खाएर भन्न सक्छु कि मैले परमेश्वरको शब्दहरुको शिक्षा एकदम सहि ढंग ले दिए।" " यदि स्वर्ग वाट स्वर्गदुत आउनु हुदैछ भने पनि म वँहा लाई यो भन्न सक्छु कि, मैले सहि शिक्षा दिएको छु।"

२. एउटा व्यक्तीले कहिले काँही इमान्दारी पुर्वक यो भन्न सक्छु कि, "मैले आज दिएको शिक्षामा मैले कुनै झुठो शिक्षा दिएको छैन", यद्यपी शिक्षा दिने तरिका पुरै गलत छ। परमेश्वरको शब्द को शिक्षा सहीरुपले दिने शिक्षक हुनको लागी तपाई ले शुभसमाचार र विधि लाई छुट्टाउन सक्न सक्षम हुनुपर्छ। यो पाठलाई सहिरुपले पढाउन सक्ने अन्तिम परिक्षा हुन्छ। यो तपाईले रंगहरु लाई बुझेर बुझ्न सक्नुहुन्छ। जव तपाईले निलो रंग लाई पंहेलो रंग संग मिसाउनु हुन्छ। तपाईले हरियो रंग पाउनुहुन्छ। बदलिएको हरियो रंग अब न त निलो छ न पंहेलो। जब तपाईले विधी र शुभसमाचार लाई छुट्टै शिक्षा दिनु को साटो संगै मिसाउनु हुन्छ तपाई ले तेस्रो छुट्टै प्रकार को शिक्षा हुन्छ जुन न त विधी हो न त शुभसमाचार। त्यस प्रकार को शिक्षा बिष समान हुन्छ।

३. जो व्यक्तिहरु आफ्नो पापसित भयभित हुदैनन अथवा पाप गर्न डराउदैनन उनिहरुसंग शुभसमाचार को कुरा गर्न गलत हुन्छ। त्यो भन्दा पनि खराब यदि तपाई यो सोचेर डराउनुहुन्छ कि तपाईले भनेको शुभसमाचारलाई मानिसहरुले गलत प्रयोग नगरुन र तपाईले शुभसमाचार उनिहरुलाई भन्नुहुदैन हुन्छ। यो दुखी, उदास पापीहरुसंग पर राख्ने कारण हुनुहुदैन। खराब व्यक्ति हरुलाई मर्न दिनुस। परमेश्वर का संन्तानहरुलाई यो थाहा पाउन जरुरी छ कि उनिहरुको सहयोग कति नजिक छ र कति सरलताका साथ पाउन सकिन्छ। यदि तपाईले जसलाई सम्वेदना सानत्वना चहिएको छ उनिहरु बाट शुभसमाचार पर राख्नु भयो भने, तपाई विधी र शुभसमाचार छुट्टाउन असक्षम हुनुहुन्छ।

४. विधी र शुभसमाचार को सिध्दान्त बालबालिका हरुलाई सिख्न सजिलो छ। तर हामी यस शिक्षा लाई व्यवहारमा ल्याउने र प्रयोग गर्ने बारे अध्ययन गर्दैछौ। यस सिध्दान्त लाई हाम्रो दैनिक जिवन मा व्यवहारमा ल्याउन गारहो छ किन भने यो जहिले पनि तार्किक छैन। पवित्र आत्माले अनुभव को पाठशालमा मानिसहरुलाई शिक्षा दिनुहुन्छ। यस शिक्षा लाई व्यवहार मा ल्याउन क्रिस्तियन हरु लाई विशेष गरेर क्रिस्तियन शिक्षक र पास्तर लाई गारहो छ।

५. भजनसंग्रह ५१:१०–११ अध्ययन गर्नुहोस। दाउद ले परमेश्वरसंग हामीलाई वफादार आत्मा दिनुस बनेर प्रार्थना गर्नु भयो। दाउदको भंयकर व्याभिचार को पाप (बाथ्सवा लाई आफ्नो पत्नि वनाए जव उनि अर्कै कि पत्नि थिईन) र उनको पति उरायाह को हत्या पछी दाउदले परमेश्वरको कृपा लाई

अथवा वँहा को दया लाई बुझेन। उसको पश्चताप पछी उसलाई यो भनियो कि उसलाई क्षमा गरिएको छ। तर हामी यो सुन्दैनम कि दाउद तुरुन्तै खुशी भयो। उसको अनेकै भजनसंग्रह ले यो देखाउछ कि उ हृदय रोगी थियो। जव देवदुत नाथन ले, उसलाई भने कि, " परमेश्वरले तिम्रो पापहरु लाई बिर्सिसक्नु भएको छ," दाउद को हृदयले उत्तर दियो, " होइन! यो सम्भव छैन।" दाउद लाई विधी र शुभसमाचारको सिध्दान्त राम्रोसंग थाहा थियो। उसको सबै भजन संग्रहले विधी र शुभसमाचार को विचको फरकलाई देखाउछ। तर जव उ आफै पापमा परयो, उसले त्यो ज्ञान लाई आफैमा लागु गर्न सकेन। उ रोयो, " मलाई नँया आत्मा दिनुस जो हजुर प्रति वफादार छ।"

६. लुका ५:८ मा परमेश्वर त्यस अनुयायी कंहा आउनु हुन्छ जसलाई वँहाले पुत्रस, चट्टान मानव भनेर नाम दिनुभयो वँहालाई र अरु मछुवारहरु जो रातभरी माछा मार्ने कोशिश गरिरहेका थिए तर एउटा पनि माछा मार्न सकेका थिएनन उनिहरुलाई जाल गहिरो पानीमा छोडन भन्नु भयो। पुत्रसले जाल तल फालेन किनभने उसले सोच्दै थियो कि उसले एउटा पनि माछा समात्ने छैन। तर अरु अनुयायी हरुले यति धेरै माछा मारे कि उनिहरुको जाल नै च्यातियो। त्यसपछी पुत्रस डरायो। उसले सोच्यो " परमेश्वर स्वंमले म संग बोल्नु भयो। यो व्यक्ती (येशु) नै मेरो सृष्टिकर्ता हुनुहुन्छ र एक दिन वँहानै मेरो न्यायधिस हुनुहुनेछ।" पुत्रस येशुको खुट्टा समातेर भन्यो, " प्रभु मलाई त्यागि दिनुस किनभने म पापी हूं। " उसले परमेश्वरले यस्तो भन्नु हुन्छ भन्ने आशा राखेको थियो, " हेर तिमीले कतिवटा पाप गरेको छौ तिमीलाई नर्क र मृत्यु दिनु पर्दछ। " पुत्रसले आफ्नो पापहरु देखेको कारण डराएको थियो। उसलाई हर्स र कृतज्ञ हुन असम्भव थियो। उसले आफु घुंडा टेकेर कामेर रुदै आफ्नो परमेश्वर मुक्तीदाता लाई आदरपुर्ण शब्दहरुमा भन्यो, " प्रभु मबाट टाढा जानुहोस। " शैतान ले उसको सानत्वना हरु सबै लुटयो र उसको कान मा भन्यो कि तैले येशु संग यसरी कुरा गर्न पर्दछ। उ परमेश्वरले उसलाई मृत्यु दण्ड दिउन भन्ने सोचेको थियो। उसले विधी र शुभसमाचार विच फरक पाउन सकेन, उ येशु समक्ष यो सोचेर कि येशुले उसले गरेको गल्तिहरुलाई क्षमा गर्नहुनेछ भनेर आएको भए हर्ष र कृतज्ञ भएर आउन सक्ने थियो।

७. १ युहन्ना ३:१९-२० अध्ययन गर्नुस कहिले हाम्रो हृदय ले हाम्रो निन्दा गर्दैन, विधी र शुभ समाचार बिच फरक भन्न सजिलो छ। त्यस अनुसार कसरी क्रिस्तियन ले आफुलाई पाउदछ। तर हृदयले उसको निन्दा गरेअनुरुप त्यो बाटोमा लाग्न सक्छ त्यस स्थितिमा उसले आफ्नो अन्तरआवाज लाई दबाउन अथवा चुप लगाउन सक्दैन। यदि मनिस ले विधी र शुभसमाचार सहि रुपले छुट्टाउन सक्छ भने उ येशुको खुट्टामा परेर सानत्वना जुन येशुले उस को लाई गर्नु भयो। तर यस्तो गर्न सजिलो छैन।

८. क्रिस्तियनहरुले विधी र शुभसमाचारको सही प्रयोग गर्न जाने पछी , देवदुत युहन्ना संगै भनौ, "परमेश्वर मेरो हृदय भन्दा महान हुनुहुन्छ , वँहाले मानिसहरुको पापको निम्ति छुट्टै निर्णय गर्नु हुन्छ र त्यो म माथि पनि लागु हुन्छ।" तपाईले जब विधी र शुभसमाचारको फरक प्रयोग गर्न जान्नुहुनेछ तपाई भाग्यमानि हुनुहुन्छ। यदि तपाई ले यसको सहि प्रयोग गर्न जान्नु भयो भने तपाई आफै लाई निपुण नठान्नुस। तपाई जहिले पनि विधी र शुभसमाचार प्रयोग गर्ने सिखारु मात्र हुनुहुन्छ। याद राख्नुहोस जव विधीले निन्दा गर्छ, तत्कालै उनिहरु शुभसमाचारलाई छुन पुग्छन।

९. दुइवटा फरक सैनिक दल झै, विधी र शुभसमाचार कहिलकाँही मानिसको अन्तर आवज जसले हामीलाई ठीक र बेठीक कुरा भन्छ एक आपस मा झगडा गर्छन। शुभसमाचारले भन्छ, “तपाई ले परमेश्वरको कृपा प्राप्त गर्नु भएको छ।” विधी ले भन्छ, “यसलाई विश्वास नगर, आफ्नो बिगत जिवनलाई हेर तिमीले धेरै पापहरु गरेका छौ र ती सबै खरब छन! आफ्नो सोच र चाहना लाई जो तिम्रो दिमाग मा छ उसलाई हेर।”

त्यसपछी यो छुट्टाउन गारहो हुन्छ, कुन विधी हो र कुन शुभसमाचार। जब यस्तो कुनै व्यक्ती लाई हुन्छ , उसले विधीलाई यो भन्न सक्नु पर्छ, “म बाट वाढा बस। तिम्रो माग पुरा गरिएको छ अब म संग केही माग्न सक्दैनौ। त्यंहा कोही छ जसले मेरो ऋृण तिरिसक्नु भएको छ।” यो कठीनाई पापमा परेर मृत्यु भएको मानिसको लागी लागु हुँदैन। उसले विधीलाई शायद नै सुन्ला। तर कठी नाई त्यसको लागी सही हुन सक्छ जो येशुमा विश्वास गर्दछ। २ तिमोथी २:१५ अध्ययन गर्नुस। पौलले तिमोथीलाई आफुले सकेसम्म सबैभन्दा राम्रो गर्नु भन्नु भएको छ। जसले विधी र शुभसमाचार छुट्टाउन कठीन कार्य हो भनेर देखाउछ।

१०. लुका १२:४२-४४ अध्ययन गर्नुस। प्रभुले कार्य समापन गरेको अर्थ खाली परमेश्वरको शब्दहरु मात्र दिएर होइन (घरको हरेक सदस्यहरुलाई अलि कति खाना खुवाएर) तर सवैलाई सहि समयमा कसलाई कतिखेर के चहिएको छ त्यो दिनुस। यसको अर्थ हामीले प्रत्येक मनिसहरुको आत्मीक चाहनाको उपचार गर्नेछौ। त्यो व्यक्ति नराम्रो देखभाल गर्ने वाला हो जो आफ्नो सेवकलाई अलिकति दिएर अरु दिनआघि लामो समय पर्खन्छ। उसले यो विचार गर्नु पर्छ कि कसलाई कति खाना चाहिएको छ र कतिबेला चाहिन्छ (यस पाठको शिक्षा एउटा शिक्षकले प्रत्येक विधार्थी उनिहरुलाई के चाहिएको छ विधी अथवा शुभसमाचार जुन खाँचो छ त्यो राम्रो संग दिन सक्नु पर्छ।

११. २ कोरेन्थी २:१६ र ३:४-६ अध्ययन गर्नुस। पौलले यो आशा राख्नु हुन्छ कि वँहा को योग्यता परमेश्वरबाट आएको सवैकुरालाई विधी अथवा शुभसमाचार छट्टाउन सक्ने हो।

१२. विधी को शिक्षा दिनुहोस ताकी विध्यार्थीहरु लाई यो महसुस होस कि, "उसले मेरो बारेमा भन्दै छ। र उसलाई यो दर्शाउनुहोस कि उ ढोंगी छ।" शुभसमाचारको शिक्षा त्यस विधार्थी लाई दिनुस जो आफ्नो पापको लागि दुखी छ र उसलाई यो महसृस हुन दिनुस: "सानत्वना उसकै लागि हो।"

१३. एउटा शिक्षकले आफ्नो प्रत्येक विध्यार्थी को सोच र उसको भाव लाई बुझेर वयान गर्न सक्नु पर्छ। अलिकति धर्म सिध्दान्त को प्रयोग गरेर यस्तो गर्न सकिदैन। एउटा विध्यार्थीले सिध्दान्त लाई राम्रो संग बुझ्न सक्छ तर परमेश्वर समिप आफुलाई पाउदैन, अथवा परमेश्वर लाई नबुझेको हुन सक्छ अथवा पापहरुको क्षमा को कुरा आत्मविश्वास साथ विश्वस्त भएको हुदैन।

१४. व्यक्तिगत परामर्श गर्दा पनि विधी र शुभसमाचार छुट्टाउन गारहो हुन्छ। कक्षाकोठामा तपाईले विभिन्न कुरा गरेर, प्रभावकारी बनाउने आशा राख्नुहुन्छ तर जव तपाई ले मनिसहरुलाई परामर्श दिनुहुन्छ। तपाईले त्यो व्यक्ति क्रिस्तियन हो वा होइन छुट्टाउन सक्नु हुन्छ। तपाई लाई ढोंगीहरुले झुक्याउन सक्छन तर यदि तपाई ले विधी र शुभसमाचार सहिरुपले छुट्टाउनु भयो र उसले गलत प्रयोग गरेको छ भने यो हजुर को गल्ति नभएर ढोगीं को हुन्छ।

१५. सबै अविश्वासीहरु एकैनास हुदैनन। कसैले बाइबलको मुल्य राख्दैनन कोहीलाई बाइबलले के भन्छ त्यो थाहा छ तर विश्वास भने गर्दैनन। कोही कुलत मा लागेर लागु पर्दाथ र रक्सि खान्छन। कोही सोच्छन उनिहरुलाई केही समस्या नै छैन। यदि कुनै अविश्वासी साच्चैनै परमेश्वरसंग डराउन थाल्छ तर केहि कारणबस भन्न सक्दैन, किन, तपाई ले आफैलाई भन्नुस, "यस व्यक्तीलाई अलिकति अझ विधीको खुराक दिनु पर्छ।" कहिले काँही समस्या के हो थाहा पाउन कठिन हुन्छ र विधीले त्यसको समाधान निकाल्छ। पवित्र आत्मा ले मात्र यो कला तपाई लाई दिन सक्छ।

१६. यो विश्वासि हरु संग यस्तो कार्य गर्न झन अप्ठयारो हुन्छ। कोही आफ्नो विश्वासमा कमजोर हुन्छन, कोही एकदम दृढ हुन्छन। कोहि खुशी कोही दु:खी हुन्छन कोही अल्छी कोही जलन गर्छन। कसैलाई अलिकतिमात्र आत्मिक ज्ञान हुन्छ। कसैलाई बाइबल सत्यको गहिरो ज्ञान हुन्छ। पवित्र आत्माको सहयोगले तपाई प्रत्येक विश्वासी हरुलाई के भन्ने सिख्न सक्नुहुन्छ।

१७. यदि तपाईलाई शुभसमाचार र विधी बिच फरक थाहाछैन भने, तपाईले यो सोच्न सक्नुहुन्छ कि बाइबलमा धेरै उल्टो अर्थ लाउने शब्दहरु छन। हबकुक २:४ लाई युहान्ना ३:७ अथवा पौल ले रोमी ३:२३–२४ र कोरेन्थी ६:९–११मा लेख्नुभयो दाज्नुहोस। यदि तपाईलाई शुभसमाचार र विधी विच फरक थाहछैन भने तपाईले यो सोच्न सक्नुहुन्छ कि बाइबल उल्टो अर्थहरुको पुस्तक हो। यो होइन कि पुरानो करारले हामीलाई क्रोधित परमेश्वरसंग प्रत्यक्ष्य गराउदछ। यो पनि होइन कि व्यक्तिको व्यक्तीगत कार्यले उसलाई मुक्तीको शिक्षा दिन्छ र नंया करारले विश्वासद्वारा मुक्ति को शिक्षा दिन्छ हामीलाई शिक्षा नँया र पुरानो दुबै करारले दिन्छ। तर विधी र शुभसमाचार बिच जुन क्षण फरक जान्दछौ त्यस क्षण धर्मग्रन्थमाथि सुर्य उदाए जस्तै हामीले सम्पुर्ण धर्म ग्रन्थ को सुन्दर कार्यहरुलाई हेर्न सक्नेछौ। विधी हामीलाई हाम्रो दिमागमा भरेर हामी सदाचार बनौ भनेर बनाएको अथवा देखाएको होइन तर हामिलाई यो शिक्षा दिन कि, हामीले पुर्णतया विधी को पालना गरिराख्न सक्दैनौ। हामीले यो सिखीसके पछी, हामी शुभसमाचार कतिको मिठो संन्देश, कति यशस्तवी शिक्षा हो भन्ने थाहा पाउछौ र हामी प्रसन्न हुन्छौ।

१८. तर यो नभन्नुस कि विधी समाप्त भयो। त्यो सत्य होइन। विधी शक्तिमै रहिरहन्छ। तर हामी संग विधी भन्दा अर्को संन्देश छ। परमेश्वर ले यो भन्नु हुदैन, "विधी ले सदाचारी बनाउदछ।" परमेश्वरले भन्नु हुन्छ। " विधी मार्फत पाप को ज्ञान आउदछ।" रोमी ४:५ ले "मानिसहरुले परमेश्वरलाई विश्वास गर्न पर्दछ ... परमेश्वर ले उसको विश्वास लाई ग्रहण गर्नु हुन्छ र उसलाई सदाचारी अथवा धर्मी बनाउनुहुन्छ।" हामी अधर्म को बारेमा सोचेको क्षण हामी मुक्ति को बाटो मा हुन्छौ।

# टिप्पणी १ को प्रश्नोत्तर : विधी र शुभसमाचार

*भाग १ र २*

तपाई केही शिक्षा दिने तयारी गरिसके पछी, तपाईले के जाँच्नु पर्दछ ?

*भाग ३*

कसले शुभसमाचार सुन्नु पर्दछ ? कसले शुभसमाचार सुन्नु ***हुदैन*** ?

*भाग ४*

आफ्नो भाग ३ को उत्तर बाट यो देखाउनुसहोस कि कसरी विधी र शुभसमाचार व्यवहारमा प्रयोग गर्दा जहिलेपनि तार्किक नहुन सक्छ ।

*भाग ५, ६, र ७*

यदि तपईलाई यो थाहा छ कि कोही व्यक्ती तल दिएका संन्दर्भ मा जसतै बोली रहेको छ , तपाई विधी या शुभसमाचार के शिक्षा दिनुहुन्छ ? र किन ?

*भाग ५ –*

*भाग ६ –*

*भाग ७ –*

*भाग ८ र ९*

यदि तपाई कहिले पनि गुरु नभएर जहिले पनि सिखारु नै रहनुहुन्छ भने, किन सिक्ने ?

*भाग ९, १०, र ११*

यी पाठांशहरुमा पवित्र आत्माले विधी र शुभसमाचार दर्शाउन कस्तो विशेष अन्तरदृष्टि प्रदान गर्नुहुन्छ ।

*भाग १२, १३, १४, १५ र १६*

तपाईले विधीको शिक्षा दिने कि शुभसमाचारको यो जान्न किन आवश्यक छ ?

*भाग १७ र १८*

हामी कसरी यो भन्न सक्छौ कि विधी र शुभसमाचार ले एक अर्का को विपरित कुरा गर्दैनन?

*छलफल*

कुनै क्रिस्तियनले जव अरु मानिसहरुलाई भन्दछ कि जांड रक्सी र लागु पर्दाथ बाट पर रहनुहोस र जेल जान पर्दैन। यो सल्लाह कति उपयोगी छ। त्यस्तो व्यक्तिलाई के भन्नु पर्दछ ?

## विधी र शुभसमाचार
## टिप्पणी २

**टिप्पणी २ –**

एउटा क्रिस्तिन शिक्षकले परमेश्वरको शब्दलाई जब मनिसहरु (जोआफुले गरेको पाप सुरक्षित ठान दछ) समक्ष भन्नुहुन्छ वंहाले ब्यबहार मा लागु गर्नुहुन्छ |

१. यदि पश्चताप नगर्ने पापीहरु लाई शुभसमाचार दिन खोज्यो भने यसले नोक्सान पुरयाउन सक्छ | शुभसमाचार पश्चताप नगर्ने पापीहरुको निम्ति होइन |

२. मात्ति ७:६ मा "पवित्र भनेको केहो" यसको अर्थ के हो ? ख्रिष्ट को शब्द "मोतिहरु" को अर्थ के हो? शुभसमाचारको कृपा, सदाचारीले र मोक्षले यो प्रकट गर्छ | कुकुर हरुलाई पवित्र चिज नदेऊ, त्यो शुभसमाचार को शत्रुहरुलाई आफ्नो कुरा सुंगुर हरुलाई नभन, यसको अर्थ ति व्यक्तिहरु जो अफ्नो पापमै बस्न चाहन्छन र त्यसैमा आफ्नो खुशी र स्वर्ग लाई चिताउछन |

३. यसैया २६:१० ले भन्छ नास्तिक मानिसहरु लाई दया प्रदान गर्नु बेकार हो | उनिहरु यो कल्पना गर्छन या त उनिहरुलाई दया चाहिदैन या उनिहरु संग चाहिने भन्दा बढी सबै थोक छ | उनिहरु भन्दछन उनिहरु को अलिकति पापको दोष पहिले देखिनै क्षमा भैसकेको छ | त्यस किसिम को व्यक्तिलाई मैले शुभसमाचार को शिक्षा दिदैन | म उसलाई दया दिदैन किनभने उ सुधार (आर्शीबादित) हुने छैन | एउटा दुष्ट मनिस, जो आफ्नो पापमै रहिरहन चाहन्छ " उसले परमेश्वरको महिमालाई देखेको छैन |" उसले यो पनि देखेको छैन कि उसलाई कति खजाना प्रदान गरिएको छ | उसले धर्म ग्रनथको संन्देशलाई बुझ्दैन र या त कुनै पनि कुरा अर्सविकार गर्छ, अथवा लाजपुर्वक त्यसको गलत प्रयोग गर्दछ | उसले यो सोचछ, "यदि मेरो मोक्षको लागि विश्वास मात्र चाहिन्छ भने, मेरो पापहरु पनि क्षमा भैसकेको छ | म जस्तो छु त्यस्तै किन नबस्ने, मैले येशुलाई मात्र विश्वास गरेर स्वर्ग जान सक्छु"

४. येशुले आफैलाई धर्मी भन्ने पापको पश्चताप नगर्ने फारसीहरुलाई भेटनु भयो, उनिहरु प्रति येशुले एकथोपा पनि सात्वना देखाउनु भएन, बरु वँहाले उनिहरुलाई सर्प भन्नु भयो | उनिहरुलाई सराप्नु भयो, उनिहरुको ढोंग देखाउनु भयो र उनिहरु नर्कमा जानेछन भन्नु भयो |

५. हाम्रो परमेश्वरले भन्नु हुन्छ: "सबै म समक्ष आउ" तर तुरुन्तै वँहा फेरी भन्नुहुन्छ जो "परिश्रमी र भारी बोकेका छन" यघपी वँहा ले नास्तिक पापीहरुलाई न निम्ताउने संन्देश दिनुहुन्छ |

६. जव मनिसहरु नपछुताइकन सवै किसिमको पापहरु गर्छन र यो कल्पना गर्छन कि उ एउटा असल क्रिस्तियन यो भनेर सबैजना ले भनुन किनभने उ सधै क्रिस्तियन चर्चमा जान्छ, पास्टरले उसलाई यो भन्नु पर्छ, "अब समय आएको छ मेरो मानिसहरुलाई विधीको शिक्षा दिने"| अनि विधार्थी हरुलाई मृत्युको नजिक पुरयाउनु पर्दछ ताकि उनिहरुलाई शुभसमाचार को सहयोगले पुन जिवनमा फिर्ता ल्याउन सकौं |

## टिप्पणी २ को प्रश्नोत्तर : विधी र शुभसमाचार

*भाग १ –*

शुभसमाचार कसले सुन्नु हुदैन ? एउटा "नास्तिक पापीको" उदाहरण दिनुहोस ।

*भाग २ –*

मात्ति ७ : ६ को कुरा फेरि आफ्नै शब्दमा भन्नुहोस । यी शब्दहरु आफ्नो चर्चको कुनै परिस्थितीमा लागु गर्नुहोस ।

*भाग ३ –*

यसैया २६:१० कसरी तपाईको व्यक्तीगत जिवनमा लागु हुन्छ ?

*भाग ४*

आजका फारसीहरु को हुन ?

*भाग ५ र ६*

एउटा पुरुष र स्त्री विबाह अघि यौन सम्पर्क राख्छन भने उनिहरुलाई के भन्दा उचित होला ?

*छलफल को लागि*

जो मानिस आफ्नो पापप्रति दुखी छैन, त्यससंग परमेश्वरले हामीलाई उनिहरुसंग कसरी बोल्न भन्नुहुन्छ ?

## विधी र शुभसमाचार
## टिप्पणी ३

**टिप्पणी ३ –**

एउटा क्रिस्तियन शिक्षकले जब मनिसहरु संग(जो आफुले गरेको पापबाट डराएका छन)परमेश्वर को शुभसमचार भन्नुहुन्छ तब वहाँले व्यवहार मा ल्यानुहुन्छ |

१. १ तिमीथी १:८–१० र यसैया ६:१–३ ले यो दर्शाउछ कि हामीहरुले जो व्यक्ति आफ्नो पापको लागी पश्चताप गर्न चाहदैन उसंग शुभसमाचार को एउटा पनि शब्द भन्नु ***हुदैन***| तर ती पापीहरु जसको हृदय चुँडेको छ उनिहरु संग निन्दा र भय को कुरा नगरेर कृपा, पापबाट क्षमादान , धर्मी र जिवन को मोक्ष को बारेमा भन्नु पर्छ |

२.यस्तो येशुले गर्नु भयो, एउटा महिला, जो पापी थिइन वँहा सामुआइन (लुका ७ :३७ ) | आफैलाई धर्मी बताउने फारसीहरु सामु उनि येशुको चरणमा झुकिन, र वँहाको चरण आफ्नो आँशुले धोइन र आफ्नो कपालले सुखाइन | उनि पापी थिइन र उनलाई सान्तवना दिने त्यँहा कोही पनि थिएन | पभुले विधी को एउटा शब्द पनि त्यस महिलालाई उसले गरेको पाप को निम्ति भन्नु भएन | वँहाले सरलताका साथ भन्नु भयो , तिम्रो सबै पापहरु लाई क्षमा गरियो |

३. प्रभुले जखियस लाई पनि त्यस्तै व्यवहार गर्नु भयो | जखियसलाई यो थाहा थियो कि उसले पाप गरिरहन सक्दैन र उ आफ्नो जिवनशैली बदल्न चाहन्थ्यो | उसले प्रभुले उसले गरेको पापहरुको लेखा जोखा देखाउनुहुनेछ भन्ने आशा राखेको थियो , तर उसको आशा विपरित प्रभुले भन्नु भयो "आज मोक्ष यस घरमा आऐको छ | "

४. अपव्ययी पुत्रको नितिकथा अर्को उदाहरण हो | प्रभुले भन्नुहुन्छ उसले सवैथोक गुभाइसकेपछि पश्चतापी हृदय लिएर फरर्केर आफ्नो पिताकँहा आयो पिताले विधी को कुनै शब्द प्रयोग नगरी पुत्रलाई ग्रहण गरे र भने " ल गएर खाना खाउ र खुशी मनाऔ, मेरो पुत्र जो मरि सकेको थियो पुन जिवित भएर फर्केको छ , उ जो हराएको थियो उसलाई फेरी पायौं | "

५. प्रभु को व्यवहार क्रुसमा झुन्डिएको बेलामा पनि यस्तै थियो | येशु संगै झुण्डिएको एउटा कैदिलाई येशुको धैर्य ले नंया कुरा बुझाउदछ | कैदीले भन्यो, "हामी हामीले गरेको गल्तिको सजाय भोग्दै छौ, तर यो मनिस (येशू) ले त केही पनि गरेको छैन | येशु आफ्नो राज्य मा आऐ पछि मलाई संम्झनु |" कैदिलाई यो एहसास हुन्छ कि येशु नै मसिहा हुनुहुन्छ (ख्रिष्ट) नोट गर्नुहोस प्रभुले यस्तो उत्तर दिनु भएन, के ? किन तिमिलाई याद राख्ने? बरु येशुले सरलताको साथ भन्नु भयो, "तिमी म संग आज स्वर्ग मा हुने छौ |"

# टिप्पणी ३ को प्रश्नोत्तर : विधी र शुभसमाचार

*भाग १ –*

अघिको दुइवटा बाइबल पाठांशहरु तपाईको आजको उपासना सर्बिसमा आएका मानिसहरुलाई लागु गर्नुहुने छ ?

*भाग २ –*

येशुले त्यो स्त्रीको पापलाई क्षमा गर्नु भयो?

*भाग ३ –*

लुका पाठ १९ अध्ययन गर्नुस। जखियको पश्चताप को साक्षीहरु के के थिए ?

*भाग ४*

लुका १५:११–३२ अध्ययन गर्नुस। यो नितीकथा लाई आफ्नो व्यक्तित्व मा कसरी लागु गर्नु हुन्छ ?

*भाग ५*

किन येशुले कैदिलाई त्यस दिन स्वर्ग प्रतिाज्ञा गर्नु भयो ?

## विधी र शुभसमाचार
## टिप्पणी ४

**टिप्पणी ४ –**

एउटा क्रिस्तियन शिक्षकले जब एउटा पापीले पश्चताप गरयो भने उसले पापबाट क्षमा पाउदछ भनेर परमेश्वरको शब्दलाई सहि प्रयोग नगरेर उसले ती शब्दहरुलाई व्यवहार मा ल्याउदैन ।

१. यदि एउटा व्यक्ति क्षमित हुन चाहन्छ भने, पश्चताप र गरेको पापको लागि दुखी हुन जरुरी छ । येशुले आफ्नो पहिलो सार्वजनिक प्रवचन मा भन्नु भयो, "पश्चताउ र शुभसमाचार लाई विश्वास गर ।" वँहा ले पशचताप शब्द लाई अघाडि राख्नु भयो । अन्तिम समयमा जव येशुले आफ्नो अनुयायी हरुलाई भेला गर्नु भयो र भन्नु भयो, "पश्चताप र पापहरुको क्षमा" वंहा को नाममा उपदेश दिने। (लुका २४:४७) विश्वास संग किन पश्चताप चाहिन्छ ? हाम्रो परमेश्वरले यसको कारण दिनुहुन्छ, "जो स्वस्थ छन उनिहरुलाई चिकित्सक चाहिदैन तर जो विरामी छन ... म धार्मिक मानिहरुलाई होइन पापी हरुलाई भेटन आएको छु " (मात्ति ९:१२ र १३) । यि शब्दहरुको साथ प्रभुले किन पश्चताप गर्नु पर्छ र आवश्यक छ यसको कारण दिनु भयो । पश्चताप विना कुनै पनि मनिस विशवासी हुन सक्दैन। जव सम्म एउटा व्यक्तिलाई दुखी, हराएको, र निन्दा गरेको पापी कि स्तिथिमा आउदैन तव सम्म उ मुक्तिदाको गंम्भिर पापी हुन सक्दैन ।

२. तर पश्चताप क्षमादानको कारण होइन । यँहा दुईवटा कारण दिइएको छ जसले हामी भन्छौ कि धर्मसिध्दान्त जो पछुताउछ त्यो क्षमादान को कारण हुन सक्छ तर यसले विधी र शुभसमाचार लाई मिसाउन सक्छ ।

३. पहिले पापको लागि मात्र दुखित गराउनु विधी को प्रभाव हो । र यसलाई क्षमादान को कारण मान्नु विधी लाई शुभसमाचार र शुभसमाचारलाई विधीमा वदल्नु जस्तै हो एउटा गलत वयानले संपुर्ण क्रिस्तियन धर्मलाई उल्टाउन सक्छ ।

४. दोस्रो, पापको लागि दुखी हुन यो एउटा असल कार्य पनि होइन । दुखी व्यक्तिमा पछुतो विश्वास भन्दा अघि पुग्छ । परमेश्वरले विधीरुपी घनले सन्ताप, दुख, पीडा र थिचिएको भावना ले उसलाई ग्रसित बनाउनुहुन्छ । यो केही होइन व्यक्तिले आफै गर्दछ । तर, त्यस व्यक्ति यि भावनाहरुबाट छुटकारा पाउन लाई खोज्छ तर सक्दैन किन भने परमेश्वरले विधीको मारलाई अझ बलियो बनाउनुहुन्छ । शुध्द पश्चतापलाई परमेश्वरले तव मात्र लाभ दिनुहुन्छ जव विधी को उपदेश एकदम दृढता का साथ दिइएको छ र मानिसहरु ले आफ्नो जिद्धीपन ले यसको प्रभावलाई विरोध नगरुन ।

अनुभवको कमिले गर्दा धेरै क्रिस्तियनहरु यो सोचेर डराउछन कि कतै उनिहरुले विधी को शिक्षा दिंदा यसले मानिसहरुलाई अन्तै त डोरयाउने छैन । उनिहरुले पश्चताप विश्वास भन्दा अघाडि पुगनु पर्छ भनेर त भनछन, तर उनिहरु यो सोचेर डराउछन कि चर्चमा कोही व्यक्ति यो सुनेर तनावग्रस्थ हुन सक्छ र उनिहरु त्यस टिप्पणी बचाउने शब्द को प्रयोग गर्दछन । त्यस कारणले गर्दा उनिहरुले आफ्नो टिप्पणीलाई पछुतो गर्दा जुन दु:खको अनुभव गिरन्छ त्यो महान हुनु पर्छ भन्ने छैन, र त्यो व्याक्तिलाई

परमेश्वरले ग्रहण गर्नु हुन्छ यदि उसले आफ्नो पापकोलाई क्षमाप्राथी हुन तयार छ। यस्तो सान्तवनाले बास्तवमा पछुतोले क्षामादान योग्य बनाउछ भन्ने भन्छ तर यो झुठो सान्तवना हो।

६. मार्टिन लुथर ले भन्नु हुन्छ जब वँहाले प्रथम पटक जब शब्द पश्चताप को अर्थ बुझ्नु भयो, अरु कुनै शब्द यति मिठो लागेको थिएन। वँहाले यसको अर्थ वँहाले गरेको कुनै पनि पापको सजाय भोग्नु पर्दैन भन्ने ठान्नु भयो, तर सरलतासंग फेरी वँहाले गरेको पाप र परमेश्वर को कृपा को चाहनाले जोखिम के संकेत गरयो। त्यसपछि शब्द पश्चताप वँहाको लागि शुभसमाचार भयो, किनभने परमेश्वरले वहाँलाई यस्तो स्तिथीमा ल्यानु भयो जव उसलाई एकदम दुख र हराएको झै अनुभव भयो, उ येशु को ध्यान को लागि योग्य विषय भयो र उ येशु समक्ष ढुक्क भएर कि उ जे जस्तो छ येशुले ग्रहण गर्नु हुनेछ भनेर जान सक्यो।

७. एउटा व्यक्तिले यो सोध्नु हुदैन कि यदि उसले प्रशस्त पश्चताप गरयो कि कि गरेन ता कि उ येशु समक्ष जान सकोस। उसको आफ्नै प्रश्नले उसको योग्यता दर्शाउछ कि उ येशु कँहा जान सक्षम छ कि छैन भनेर। यदि कसैलाई येशु समक्ष जाने चाहना छ भने शुध्द पश्चताप छ भने उसले महसुस नगरे पनि यो व्यक्तिले विश्वास गर्न शुरु गरे जतिकै हुन्छ।

८. अरुले पश्चतापलाई आवश्यक मान्दछन र उनिहरुको आफ्नै कारण (सोचले) उनिहरुलाई यो भन्छ कि परमेश्वरले उनिहरुलाई क्षमा गर्न सक्दैनन र उनिहरु यसलाई गंभिरताका साथ लिदैनन भजन संग्रह ३८:६-८ मा जस्तै विधी शशक्तिकरण पास्टर ले व्यक्तिलाई सोध्ने छन यदि उसले यी सवै कुराहरु आफुलाई पनि ध्यान मा राखेर यदि उ कहिले तल झुकेर दिनभरी विलाप गरेको छ, यदि कुनै यस्तो समय अएको थियो उ भित्र को आवाज सवै सुकेक थिए, अथवा उसले भन्न सक्छ उसको कुनै पनि शरिरको अंग स्वस्थ छैन अदि। जव सम्म उसले यी सबै कुराहरु देखाउन सक्दैन, विधी शशक्ति करण पास्टरले भन्छ कि यो कल्पना नगर कि तिमीले शुध्द पश्चताप गरेका छौ। यो तरिका गलत छ। सत्य माथिको संन्दर्भले दाउद ले गरेको पश्चतापलाई देखाउछ। तर यस्तो संन्दर्भ जसले यस्तै प्रकार को पश्चताप सबैले गर्नु पर्दछ भन्ने वँहा छ ? त्यहाँ यस्तो संन्दर्भ नै छैन।

९. ध्यानमा राख्नुहोस कि शुभसमाचार (शब्द) लाई पश्चताप को लागि प्रयोग गरिएको छ। धर्म ग्रन्थमा पश्चतापको प्रयोगले साँघुरो र फराकिलो अर्थ दिन्छ। फराकिलो अर्थमा जव मनिसमा पुर्णतया बदलाव देखिन्छ त्यसमा पापको बोध पश्चताप र विश्वास देखिन्छ। यो अर्थ प्रेरित २:३८ मा छ, “पश्चताप गर सवैलाई वहाँले सरलताका साथ पुर्णतया बदलिएको विश्वास लाई समावेस गर्नु भएको छ।”

१०. शब्द पश्चताप लाई सागुरो अर्थ मा पनि प्रयोग गरिएको छ जसले पापको लागि दुखी हुने अर्थ दिन्छ। मर्कुस १:१५ मा हामी यो पढछौ, “पश्चताप गर र शुभसमाचार लाई विश्वास गर।” यस टिप्पणीमा युहन्ना बाप्तिस्त ले कि वहाँले याहुदी र ग्रिस बासीहरु लाई पश्चताप गर्न लगाएर र हाम्रो प्रभु येशु माथि विश्वास गर्न लगाएर साक्षी दिए। यँहा विश्वास अलग्गै प्रयोग गरिएको छ। पश्चतापले पापको बोध दुख र विश्वास लाई समावेश गर्दैन।

११. शुभसमाचारको प्रयोग एउटै खाले कार्य को गरिएको छ। यसको साँघुरो अर्थ यसको बास्तविक अर्थ हो। र फराकिलो अर्थले कुनै पनि त्यो कुरा येशुले आफ्नो उपदेशमा भन्नु भयो चाहे त्यो विधी थियो वा शुभसमाचार।

१२. रोमी २:१६ अध्ययन गर्नुहोस। देबदुतले शुभसमाचार लाई साँघुरो अर्थ लाउन सक्नु भएन जो न्याय संग केही लिनदिन थिएन तर धर्मग्रन्थले भन्दछ, "उ जो वहाँ लाई (येशुलाई) विश्वास गर्दछ उसले सजाय पाउदैन" – "न्यायमा बहिष्कृत हुन्छ" (युहन्ना ३:१८ र ५:२४)। यो पाठांशमा पौलले धर्मसंन्देश (शिक्षा) जसले विधी र शुभसमाचार को घोषणा र बनावट दुबै लाई बुझ्नु भएको छ।

१३. शुभसमाचार शब्दको प्रयोग रोमी १:१६ मा साँघुरो अर्थको लागि प्रशस्तै गरिएको छ। पहिले यसलाई येशुको शुभसमाचार भनिएको छ र त्यसपछियसलाई (शुभसमाचार) विश्वास गर्नेहरु मुक्त हुन्छन भनेको छ। विधीले यस किसिमको कुनै पनि माग गर्दैन जुन हामी राख्न सक्छौ। तसर्थ देबदुत ले यहाँ परमेश्वरको उपहारको विश्वास को कुरा भन्नु हुन्छ। त्यो साँघुरो अर्थमा शुभसमाचार हो, जुन विधी भन्दा पर राखिएको छ।

१४. अव हामी बाइबल को श्लोक अथवा टिप्पणी हरुलाई हेरौ जुन कडाइ का साथ शुभसमाचार को अर्थ दिन्छ। र यो सिखौ कि किन त्यस शब्द कडाईका साथ प्रयोग गरिएको छ।

१) जव शुभसमाचार लाई विधी संग तुलना गरेको हुन्छ यो निश्चित गराउछ कि यो फराकिलो नभएर साँघुरो परिभाषा दिदै छ। एफीसी ३:१४–१७ अध्ययन गर्नुस।

२) जव पनि शुभसमाचारले येशुको शिक्षाको विबरण अथवा धर्मसंन्देशको घोषणा गर्छ भने यसले विधी को कुरा संग संगै गर्न सक्दैन युहन्ना १:१७ र लुका ४:१८ अध्ययन गर्नुस।

३) जहिले पनि शुभसमाचारले व्यक्ति को नाम भन्दछ यदि शुभसमाचारले कसैलाई सम्वोधन गर्छ भने यो बुझ्नुस शुभसमाचार कडाई को साथ प्रयोग गरिएको छ। मात्ति ११:५ र लुका ४:१८

४) जहिले पनि पापको क्षमादान को लागि धर्मावलम्वी र मोक्षहरुमा परमेश्वरको कृपाको प्रभाव हुन्छ त्यो कडाई का साथ प्रयोग गरिएको हो रोमी १:१६ र एफिसी १:१३ अध्ययन गर्नुस।

# टिप्पणी ४ को प्रश्नोत्तर : विधी र शुभसमाचार

*भाग १ –*
क्षमा पाउनको निम्ति के आवश्यक छ ?

*भाग २ –*
टिप्पणी तिन को भाग २ र भाग ५ को उत्तरहरु हेर्नुस । तिनीहरु ले के त्यसमा पश्चताप पापको क्षमा दानको कारण हो भनि सुझाव दिइएको छ ?

*भाग ३, ४ र ५ –*
प्रत्येक को मुख्य सार आफ्नै शब्दमा वर्णन गर्नुहोस ।

३–

४–

५–

*भाग ६ र ७*
"पश्चताप" लाई जव बाइबलमा प्रयोग गर्दा के अर्थ हुन्छ?

*भाग ८ देखी १४*
"शुभसमाचार" लाई जव बाइबलमा प्रयोग गर्दा के अर्थ हुन्छ ?

*छलफल प्रश्न*
एउटा व्याक्ति लाई स्वर्ग जान पश्चताप गर्नु पर्छ – तपाई यो कुरासित सहमत हुनुहुन्छ कि असहमत ।

## विधी र शुभसमाचार
## टिप्पणी ५

**टिप्पणी ५ –**

एउटा क्रिस्तियन शिक्षकले शुभसमाचारको प्रतिज्ञाको बारेमा भन्छ र परमेश्वरले जसले यो प्रतिज्ञालाई सुन्छ उसको हृदयमा विश्वास राख्नुहुन्छ। एउटा क्रिस्तियनले कहिलेपनि यो सोच्नु हुदैन कि उसले आफै विश्वास गर्न सक्छ वा आफैले आफैलाई विश्वास गर्न सहयोग गर्न सक्छ भनेर।

१. यदि तपाईले भन्नुहुन्छ, "शुभसमाचार मा विश्वास गर" यस्तो गर्दा तपाईले गल्ति गर्नु हुदछेन। यो माग भविष्यवक्ता, देबदुत र स्वंम येशुले पनि राख्नु भयो। जव हामीले विश्वासको माग राख्छौ हामीले विधी को माग गर्दैनौ। बरु हामीले सबै भन्दा मिठो निमत्रणा व्यवहारिक रुपले आफ्नो श्रोताहरुलाई भन्छौ, "आउनुस, अब सवै थोक तयार छ" (लुका १४:१७)। जव मैले एउटा सारहै भोकाएको व्यक्तिलाई विभिन्न प्रकार को खाना भएको ठाँउमा वस्न निमन्त्रण दिन्छु र उसलाई भन्छु कि मनपरेको चिज चाहे जति खाऊ मैले त्यस व्यक्ति संग यो आशा गर्दैन कि मैले उसलाई अब जे भने पनि उसले मान्नु पर्छ। यस किसिमले बिश्वास लाई बुझनु पर्छ विधी को आज्ञा जस्तै होइन तर शुभसमाचार को निमत्रणा जस्तै।

२. व्यक्तिले आफै विश्वास जगाउन सक्छ यो गलत सोच हो। यसो गर्दा विश्वास राम्रो कार्य मा बदलिन्छ जसले गर्दा विधी र शुभसमाचार अलमल हुनसक्छ। एउटा उपदेशकले प्रवचनको समयमा विश्वास को उपदेश दिंदा कहिले पनि बिश्वास शब्द को प्रयोग नगरी उपदेश दिनु पर्छ। यो आवश्यक छ कि उसले बोल्ने तरिका यस्तो हुनुपर्छ जसबाट प्रत्येक दुखी पापीहरु आफ्नो पापको बोझ येशुको चरण मा राखर यो भनुन, "तपाई मेरो, र म तपाईको"।

३. यँहा जब लुथरले आफ्नो महानता दर्शाए। वँहाले आफ्नो श्रोताहरु लाई विश्वास गर्न अनुरोध गर्नु भयो तर वँहाले क्रिष्ट को कार्य र कृपा मोक्ष र दया को धनी परमेश्वर मार्फत येशु क्रिष्टको उपदेश यस प्रकार ले दिनु भयो कि वँहा को श्रोताहरु लाई यो सोच्न लाउनु भयो कि उनिहरु प्रदान गरिएको सवै थोकहरु लिएर अलौकिक कृपाको काखमा आराम गर्न सक्छन।

४. यदि तपाईले धेरै समय मानिसहरुलाई उनिहरुले मोक्ष पाउनु पर्छ भनेर बिताउनु भएको छ भने उनिहरुले यो विश्वास गर्ने छन कि उनिहरुले केहि गर्नु पर्छ। अनि उनिहरु हामी यसो गर्न सक्छम सक्दैनौ भनेर चिन्तित हुने छन र यदि उनिहरुले प्रयास गर्छन, पुर्णतया सहि तरिकाले गर्छन। कोही जो यसलाई बुझ्छ कि यो उ आफैमा भर पर्छ कि प्रदान गरेको उसकै निम्ति हो र उसले स्वीकार्छ भने उसमा विश्वास छ। विश्वास बाट मुक्ति भन्नाले आफैलाई परमेश्वरले दिनु भएको योजनामा सर्मपण गरेर परमेश्वरले जे दिनु भएको छ त्यो लिनु हो।

५. मोक्ष को लागि विश्वास चाहिन्छ भन्नुको अर्थ यो होइन कि व्यक्ति ले विश्वास आफै उत्पन्न गर्न सक्छ। धर्म ग्रन्थले व्यक्तिको सबै थोक माग्दछ। सवै आज्ञा नै माग हो जसले, "यस्तो गर, र तिमी

बाच्ने छौ"  भन्छ।  यस्तो मागले यो साबित गर्दैन कि व्यक्ति यससंग सहमत छ।  जव परमेश्वरले मेरो विश्वास को सक्षमताको कमि को प्रार्थना स्वीकार्नु हुन्छ  वंहा मेरो समिप शुभसमाचार संग आउनुहुन्छ।

# टिप्पणी ५ को प्रश्नोत्तर : विधी र शुभसमाचार

*भाग १ –*

जव हामी भन्दछौ, "शुभसमाचार मा विश्वास गर" हामीले मानिसहरुलाई केहि गर्न भन्दछौ। त्यो विधीमा किन छैन ?

*भाग २ र ३ –*

आफ्नो शब्दमा यी दुईवटा भाग को मुख्य बुदाँहरु भन्नुस।

*भाग ४ –*

"मैले येशुलाई आफ्नो हृदयमा स्वीकार गरेको छु," यो भन्न के उचित छ ? किन छ अथवा छैन ?

*भाग ५*

परमेश्वरले किन विधीको पालना निपुणताका साथ गर्न भन्नुहुन्छ जव यसलाई हामी निपुणताका साथ निभाउन सक्दैनौ ?

*छलफल को लागि*

के विश्वास यस्तो कुनै कुरा हो जुन तपाई ले गर्नु हुन्छ वा परमेश्वरले गराउनु हुन्छ ?

## विधी र शुभसमाचार
## टिप्पणी ६

**टिप्पणी ६ –**
एउटा क्रिस्तियनलाई मुक्तीकोलागि कुनै चर्चको सदस्य हुन जरुरी छैन।

१. यो अनौठो लाग्न सक्छ कि कसैले प्रत्यक्ष्य देखिने लुथरन चर्च त्यो चर्च हो जसको बाहिर कुनै मोक्ष छैन। यो भंयकर गल्तिको जननी हामीले अध्ययन गर्ने सिध्दान्त (शिक्षा) अनुसार जुन चर्च देखिन्छ त्यो संस्था येशुले यस पृथ्वीमा गर्नु भएको धार्मीक अवस्थामा स्थापना गरेको जस्तो देखिन्छ। यो हेर्ने तरिका गलत छ। मुक्तिदाता भन्नु हुन्छ, "यो चट्टान माथी म आफ्नो चर्च बनाउने छु र यसलाई हराउन मृत्यु को शक्तिहरु समर्थ हुने छैन" (मात्ति १६:१८)। यो चट्टान ख्रिष्टहो। ख्रिष्ट मा बनाउनु को अर्थ यन्त्रिक रुपले चर्च संग जोडिनु होइन यसको अर्थ ख्रिष्ट मा आत्म बिश्वास राखेर वँहा बाट धर्मवलम्वी र मोक्ष प्राप्त गर्नु हो। जो पनि यस्तो गर्न असफल हुन्छ उसले यस चट्टान मा वनाउन सक्दैन र उ येशु ख्रिष्टको चर्च को सदस्य पनि होइन।

२. ऐफिसी २:१९ – २२ अध्ययन गर्नुहोस। तिमि विश्वासी परमेश्वरका भवन हौ जो प्रेरित र अगमवक्ताहरु द्वारा निर्मित जगमा बसेका छौ। त्यो त्यसको सदस्य होइन यदि उ विश्वास संग बस्दैन।

३. ख्रिष्टले आफ्नो चर्चलाई बथान भन्नुहुन्छ (एकत्र भिड) भन्नु हुन्छ। बथान को सदस्य हुन भनेको ख्रिष्टको बथान को अधिन मा हुनु पर्दछ। वँहाले चराउने भेडा मध्येएक वँहाको आवज को आज्ञा मान्ने हुन पर्छ।

४. ख्रिष्टले चर्चलाई खेत जसमा गँहु र घांस संगै उम्रिरहेको कुरा लाई दाँज्दा बिरोध उठछ। तर यो विरोध नितीकथा को गलत अर्थ लगायो भने हुन्छ। ख्रिष्टले हामीलाई त्यो चाबी दिनुभएको छ जसले त्यसको अर्थ खोल्दछ। वँहाले यो भन्नु हुदैन, "खेत मेरो राज्य हो।" यस्तो मामलामा चर्च एउटा खराब र असल सदस्यहरु बाट बनेको समाज हुनजान्छ। वहाँले भन्नु हुन्छ "संसार नै खेत हो" (मात्ति १३:३८)। यसको वनावट लाई प्रत्यक्ष्य हेर्दा चर्चले आफुले आफै ढोंगहरु (ति जसले भन्छन कि उनिहरु विश्वासी हुन तर हुदैनन) र नास्तिक मानिसहरु जो देखिने चर्च भवनमा आफ्नो बाटो भेटाउछन। जव सम्म अनन्त जिवन को विजय देखा पर्दैन पुर्णतया शुध्द र कंलक रहित हरुलाई जो इमान्दार र निष्कफट छैन उनिहरु संग छुट्टयाउछ। तर जव सवै मानिसहरु ख्रिष्टको न्यायको बेलामा जम्मा हुनेछन यी सवैलाई ढोंगी भनेर चिन्ने छन। हामी यो देख्छौ कि मानिसहरु चर्च जान्छन (उपासना गर्न) तर हामी यो देख्न सक्दैनौ कि उ हामी ले देख्न नसक्ने चर्च को सदस्य हो कि होइन। कुनै व्यक्ति चर्चको सच्चा सदस्य हो वा होइन यो निर्णय गर्न असम्भव हुन्छ। उनिहरु हुन वा होइनन कुनै वयक्तिले थाहा पाउदैनन। परमेश्वरको आँखाले मात्र त्यो देख्न सक्छ तर मनिस को आंखाको लागि यो अदृष्य छ।

५. एउटा व्यक्तिको मोक्षको लागि उसको सदस्यतामा र रुदीवादी कट्टर सहभागितामा भरपर्छ जसले न्यायबाट विश्वास को धर्मसिध्दान्त प्रकाशमा ल्याउछ। सत्य विश्वास मानिसहरुमा लुथरन चर्चमा सम्बन्ध गास्नु भन्दा पहिले आईसकेको हुन्छ। लुथरले लुथरन हुन अघि उ संग सच्चा विश्वास थिएन यो सोच्नु घातक गल्ति हो। सच्चा चर्च पुरै संसार भरि फैलिन्छ र यो सबै सम्प्रदायमा पाइन्छ। जसले पनि येशु ख्रिष्टमा विश्वास गर्छ वँहाको परलौकिक शरिरको सदस्य छ भने चर्चको सदस्य हो। यो चर्च कहिले विभाजित हुदैन। यधपी यसको सदस्यहरु एक अर्का वाट समय र ठाँउले गर्दा छुट्टिएका छन, चर्च जहिले पनि एउटा मात्र छ।

६. कसैलाई लुथरन चर्चको सदस्य बनाउनको लागि बहकाउनु पर्दैन किनभने उसले यो सोच्न सक्छ कि यहि एउटा उपाय छ जसबाट उ परमेश्वरको चर्चको सदस्य हुनसक्छ। जहिले पनि परमेस्वरको शब्दको घोशणा र पापलाई स्वीकार गर्छौ अथवा स्तोत्र गर्छौ परमेश्वरले आफै मानिसहरु लाई एक्रित गर्नु हुन्छ। उदाहरणको लागि रोमन क्याथोलिक चर्चले अझपनि यो स्वीकार गर्छ कि ख्रिष्ट परमेश्वर पुत्र हुनुहुन्छ र वहाँ संसार लाई बचाउन को लागि मर्नु भयो। यति सत्य एउटा व्यक्तिलाई मोक्ष को ज्ञान को लागी प्रशस्त छ।

७. झुठो धर्म सिध्दान्त जुन हामी अध्ययन गर्छौ त्यसले मृत्युजनक रुपले विधी र शुभसमाचार लाई मिसावट गरेर अलपत्र पार्छ। जव कि शुभसमाचार ले युशुमा विश्वास गर्न भन्छ र विधीले सवैप्रकार को माग राख्छ। मोक्ष को लागि अलिकति विश्वासको माग आवश्यक रुपले गर्नुको अर्थ विधीलाई शुभसमाचार संग मिसाउनु हो। म लुथरन चर्च मा लाग्नको लागि एउटा मात्र कारण छ त्यो म सत्यको पक्षलिन चाहन्छु।

८. कुनै पनि क्रिस्तियन चर्चमा गयो भने मानिसहरु बाँच्छन यो सत्य होइन कि एउटा व्यक्तिले अरु चर्चको सदस्यहरु संग बन्धुत्व गास्न सक्छ। यदि मैले कुनै चर्चले गलत शिक्षा दिएको देख्छु र मैले त्यो चर्च त्यागेन भने म हराउछु, किनभने एउटा गल्तिलाई अस्विकार नगरेर त्यतिकै छोडनु मैले आफ्नो विश्वासलाई नास गर्नु हो।

९. लुथर चर्च बास्तवमा सत्य हेर्नसक्ने चर्च हो , शुध्द नबिग्रिएको सत्य को अभिप्रायमा मात्र। जव तपाइ ले यो मत थप्नुहुन्छ कि लुथरन चर्च मा लागेर तपाई बाच्नु हुन्छ , तपाईले न्यायको सिध्दान्त कृपा द्वारा येशुमा विश्वासलाई पर लैजानुहुन्छ र विधी र शुभसमाचार लाई मिसाउनुहुन्छ।

# टिप्पणी ६ को प्रश्नोत्तर : विधी र शुभसमाचार

*भाग १ –*
मत्ति १६:१८ मा येशुले के भन्न खोज्नु भएको हो ?

*भाग २, ३ र ४ –*
बाइबल ले चित्रण गरेको चर्च कस्तो हुनुपर्दछ ? यी सवै (भाग २,३ र ४) ले चर्च को बारेमा के देखाउछ ?

*भाग ५ –*
यस भाग को मुख्य बुँदा आफ्नै शब्दमा भन्नुस

*भाग ६ र ७*
कुन अवस्थामा कसैलाई लुथरन चर्चमा लाग्नुस भन्न उचित हुन्छ ?

*भाग ८ र ९*
वर्तमान सबै क्रिस्तियन चर्चहरुलाई जोडर एउटा विशाल चर्च किन नबनाउने? सबै उपासक क्रिस्तियन समुहहरुसंग मिलेर किन संगै उपासना नगर्ने ?

*छलफल को लागि*
"परिवर्तन" अथवा "भेडाँ चोर्नु" यो अरु चर्चहरुले अपनाएको तरिका जुन अरु चर्चको सदस्यहरुलाई आप्नो चर्चमा तान्ने प्रयास हो। यो किन गलत छ ?

## विधी र शुभसमाचार
## टिप्पणी ७

**टिप्पणी ७ –**
एउटा क्रिस्तियन शिक्षकले जव परमेश्वरको विधीको कुरा गरेर मानिसहरुलाई राम्रो कार्य गराउन कोशिश गर्दछ तव उसले परमेश्वरको शब्द राम्रोसंग व्यवहारमा ल्याउदैन।

१. मनिसहरुलाई इश्वरभक्त बनाउनलाई विधीको प्रयोगले प्रयास गर्दा यसले सवै विधि र शुभसमाचारलाई अलमल पार्छ। विश्वासी हरुलाई अझ बढी असल कार्य गराउने प्रयास गर्दा यसले विधि र शुभसमाचार मिसिन जान्छ।

२. यर्मिया ३१:३१–३४ अध्ययन गर्नुस। पाप गर्न अघि आदमको हृदयमा मा विधी रहनु एउटा मात्रै कारण थियो त्यो उसलाई थाहा थियो परमेश्वर के ले गर्दा प्रसन्न हुनुहुन्छ। पापमा परेपछी यो स्तिथी नै बदलियो। इस्रायलीहरु को इजिप्छ बाट प्रस्थान हुदा परमेश्वरले याहुदीहरु संग करार पुन स्थापना गर्नु भयो र दोहराउनु भयो। तर करार ले याहुदीहरु को प्रगति गरेको थिएन, तसर्थ परमेश्वरले बलजफति गरेर करारको पालना गर्न लाउनु भयो – र बलजफति आज्ञाकारिता आज्ञकारिता होइन। यो बलजफति को बेलामा अगवमबक्ता र पैगम्वरहरुले मशिहलाई देखाएर शुभसमाचार को उपदेशहरु दिरहेका थिए। परमेश्वरले भन्नुहुन्छ कि वहाँको नया करारमा वहाँले कुनै पनि आज्ञा दिनु हुने छैन। वहाँले विधीलाई प्रत्यक्ष्य रुपले उनिहरुको मस्तिष्कमा लेख्नुहुनेछ र एउटा नँया शुध्द हृदय दिनुहुने छ। त्यसपछि उनिहरु विधि बाट चिन्तित हुने छैनन।

३. हामी पुर्णतया विधी पालना गर्न सक्दैनौ। आत्माले विधी द्वारा बलजफति गरेर पनि हाम्रो पापमय प्रवृति शरिरलाई नियन्त्रण गर्न सक्दैन। परमेश्वरले भन्नुहुन्छ, "म उनिहरुको पापलाई क्षमा गर्ने छु र म उनिहरु को पाप पटक्कै याद राख्ने छैन।" यसकारण ले विधी हाम्रो हृदयमा लेखिएको छ। यसको अर्थ शुभसमचार पापको निम्ति क्षमादान को सन्देश हो र यसले त्यो गर्न सक्छ जुन विधिले गर्न सक्दैन।

४. रोमी ३:२० अध्ययन गर्नुस। विधीले हामीलाई हाम्रो पाप देखाउछ तर यसलाई हटाउदैन। हटाउनु को साटो यसले अझ बढाउछ, किनभने जव कुनै व्यक्ति को हृदयमा दुष्ट चाहना आउछ, विधीले त्यसलाई भन्छ, "तिमीले लोभ गर्नु हुदैन।" यसले व्यक्तिलाई यो सोच्न तुल्याउछ कि परमेश्वर जे पुरा हुन सक्दैन त्यसको निम्ति माग राखेर निर्दयी हुनुहुदै छ। विधीले पापलाई बढाउछ। यसले पापलाई मार्दैन तर यसले पापलाइ जिवित बनाउछ। रोमी ७:७–१३ र २ कोरेन्थी ३:६ पनि अध्ययन गर्नुस।

५. यदि तपाईले यो सोच्नु हुन्छ कि तपाईको मण्डलीको अवस्था तपाईले मानिसहरु प्रति कराएर विधी भन्नु हुन्छ र उनिहरुलाई नर्क को भय देखाएर सुधार गर्न सक्नुहुन्छ भने तपाई मुर्ख हुनुहुन्छ। त्यसले पटक्कै सुधार ल्याउने छैन। त्यँहा यस्तो समय आउन सक्छ जव तपाइले काराएर विधी भनेर सन्तोष

जनक पापीहरुलाई जोखिमको संकेत गर्नुहुनेछ। तर विधीले न त हृदय परिवर्नत गर्छ न परमेश्वर प्रति र अरु मनिस प्रति माया नै जगाउछ।

६. कहिलेकाँही विधी र शुभसमाचार अलपत्र तब हुन जान्छ जब सेवक, पास्टरहरु यो सोच्छन कि उनिहरुको शुभसमाचार व्यर्थ छ किनभने पापमय प्रवृति शरिरले गर्दा उनिहरुको श्रोता विच फेरी पाप भैहाल्ने छ। उपदेशक यो अन्तिम निश्कर्ष मा आउन सक्छ कि उसले अति धेरै शुभसमाचार को अध्यापन गराइसकेको छ र अध्यापन गराउने फरक तरिका अपनाउन सक्छ र उसले केही छिन शुभसमाचार को अध्यापन नगराएर बरु विधी को शिक्षा दिने निर्णय गर्न सक्छ, जसले स्तिथीमा सुधार आओस तर उ गलत छ, मनिसहरु बदलिदैनन।

ति उपदेशकहरु जो विधि को शिक्षादिएर दुष्ट बाट छुटकारा पाउन सफल भएका छन उनिहरु ले यो सोच्नु हुदैन कि उनिहरुले केही महान कार्य गरे। एउटा सबैभन्दा बेइमान दुष्ट पनि सुर्धन सक्छ तर अरु केहिनाई शुभसमाचारको शिक्षा दिने सवैभन्दा मिठो हुन्छ। एउटा मण्डली बेइमान हुने मुख्य कारण मनिसहरुलाई पास्टरले शुभसमाचार प्रशस्त दिएको छैन। विधीले मार्छ, तर आत्मा, जसलाई, शुभसमाचार ले फेरी जिवित बनाउछ।

## टिप्पणी ७ को प्रश्नोत्तर : विधी र शुभसमाचार

*भाग १ –*

एउटा बच्चालाइ "राम्रो बन" भन्यो भने किन यो काम गर्दैन ?

*भाग २, ३ र ४ –*

विधी के को लागि असल छ ?

*भाग ५ –*

तपाईको मण्डलीका मनिसहरुको व्यवहार उत्तम बनाउन तपाईले के भन्नु हुन्छ ? एउटा विशेष उदाहरण दिनुहोस।

*छलफल को लागि*

कुनै क्रिस्तियन चर्चले यो भन्छ कि तपाई ले "दशौ भाग दिनु पर्छ," त्यो जसले जे जति आम्दानी गर्छ त्यस्को दशौं भाग चर्च लाई दिनु पर्छ। यो व्यवहार लाई मुलंयाकन गर्नुहोस।

## विधी र शुभसमाचार
## टिप्पणी ८

**टिप्पणी ८ –**

एउटा क्रिस्तियन शिक्षकले जव शुभसमाचारलाई महान बनाएर शिक्षा दिन्छ अथवा आफ्नो उपदेशमा प्रयोग गर्दछ उसले परमेश्वरको शब्दलाई राम्रोसंग व्यवाहारमा ल्याउदछ ।

१. विधी र शुभसमाचार लाई मिसाएर गलत प्रयोग तब गरिन्छ जब विधी ले शिक्षण को शासन गर्छ । जब विधि र शुभसमाचार को बराबर संन्तुलन हुन्छ र यसले अलमल पार्छ र शुभसमाचारको शासन हुदैन ।

२. लुका २:१४ अध्ययन गर्नुस। स्वर्गीक उपदेशकहरु (देबदुत) ले हामीलाई हामीले कसरी शिक्षा दिने भन्ने उदाहरण दिनु भएको छन । यो सत्य हो, हामीले विधिको प्रयोग गर्नु पर्छ तर यो शुभसमाचार को तयारी गराउन को निम्ती हुनुपर्छ । विधी को प्रयोग को उच्चतम लक्ष्य शुभसमाचार को बारेमा भन्ने हुनु पर्छ । जसले पनि यस लक्ष्य लाई अपनाउदैन उशुभसमाचार को सच्चा सेवक नै होइन ।

३. मर्कुस १६:१५–१६ अध्ययन गर्नुस । खिष्ट ले आफ्नो दुत हरुलाई संसार को प्रत्येक कुना मा गऐर प्रत्येक मानिसलाई शुभसमाचार को उपदेश दिन भन्नु भएको छ । शूभसमाचार ले उसको संन्देश मा खुशयालीको वाशिष्ट उच्चारण भएको संन्देश हुनु पर्दछ जसले गर्दा उनिहरु यो नसोचुन कि यो शब्द यति विशाल छ कि कसैले यसको अर्थ नबुझुन। येशुले अघडि भन्नु हुन्छ, "ति जसले पनि विश्वास गर्छन र बाप्तिस पाएका छन उनिहरु बाच्ने छन ।" उनिहरुलाई यो थाहा दिन कि शब्द शुभसमाचार को के अर्थ हो र उसले यस बारे के बुझेको छ वहाँले थप्नुहुन्छ, "जसले पनि विश्वास गर्ने छैन तिनिहरु दन्दित हुने छन ।" यो पनि यउटा मिठो शब्द हो किन भने वहाँले यो भन्नु हुनदैन, "त्यो जसले लामो समय सम्म पाप गरेको छ उसले कडासजाय पाउनु पर्छ ।" तर वहाँले भन्नु हुन्छ जव कुनै व्यक्तिले वँहालाई विश्वास गर्दैन उसले सजाय पाउछ। एउटा मानिसको चरित्र जस्तो भएपनि विगत मा उसले जति खराब पाप गरेपनि ति सबैले उ सजाय को भागिदार हुदैनन, तर प्राकृतिक रुपले, जव एउटा व्यक्तिले येशुको शब्दहरुलाई नर्काछ, उ पक्कै नर्क मा जान्छ। यो जोखिम जनाउने भित्री डरले गर्दा मनिसले यो कृपालु संन्देशलाई अवहेलना गर्न सक्दैन । प्रभुको यी अन्तिम शब्द को वशिष्ट उच्चारण यो अर्थमा लाउनु हुदैन "उ जो विश्वास गर्दैन उसले सजाय भोग्छ ।" वहाँ को भनाई, "तिमीले पाउर्नु पर्ने सजाय लाई पहिले नै हटाइसके को छ तिमी पाप मुक्त भै सकेको छ । नर्क माथि तिमीले विजय प्राप्त गरिसके को छौ । सबै थोक को प्रशस्त शमन भै सकेको छ । अव तिम्रो कार्य यसलाई विश्वास गर्नु हो र तिमी सदाको लागि बाच्ने छौ ।"

४. १ कोरेन्थी १५:३ अध्ययन गर्नुहोस। यस देवदुत को टिप्पणी लाई पवित्रित पाराले नसुन्नुहोस तर आफ्नो मण्डली लाई तपाईले शिक्षा दिने बेलाई लाई संम्झनुहोस । परमेश्वर संग एउटा प्रतिज्ञा गर्नुस कि तपाई ले देबदुत को तरिकालाई अपनाउनुहने छ, तपाई आफ्नो चर्चमा कसैको मृत्युको अन्तिम संस्कार मा सामिल हुन आउन लाई अनुग्रह गरे झै न्याउरो अनुहार लिएर उभिनु हुने छैन । बरु, यस्तो

अभिनय गर्ने छु कि कोही पति या पत्नि जित्न अथवा कसैको बिबाह हुदैछ। यति तपाईले विधी लाई शुभसमाचारसित मिसाउनु भएन भने, तपाई जहिले पनि आफ्नो कार्यम प्रसन्नता साथ प्रवेश गर्नुहुनेछ। मानिसहरुले यो सोच्ने छन कि तपाई भित्र धेरै खुशी छ किन भने तपाईले खुशी आशिषको संन्देश दिनुहुदैछ। उनिहरुले यो पनि थाहा पाउन थाल्नेछन कि उनिहरुमा पनि आश्चर्य पुर्ण कुराहरु हुदैछ।

५. यो अति खराब छ किनभने धेरै जसो शुभसमाचार को उपदेशकहरु यो आश्चर्यजनक अनुभव संग मिल्दैनन, उनिहरुको मनिस सुतुवा नै रहन्छन। के कारणले हो ? उनिहरुलाई प्रशस्त शुभसमाचार भनिएको छैन। तपाईका मानिसहरु बास्तवमा प्रभुको शब्द सुन्न चाहन्छन। उनिहरुलाई सरकारले बलजफति गरेर अरु चर्च को साटो तपाईको चर्चमा पठाएका होइन। परमेश्वरले यो चाहनु हुन्छ कि तपाईको शुभसमाचार भन्ने लक्ष्य तव सम्म जारी राख्ने जव सम्म तपाईका श्रोताहरुको हृदय पाग्लिन्छ जव सम्म तपाईको श्रोताहरु आफ्नो विरोधलाई त्यागदैनन र यो स्वीकार गर्छन कि परमेश्वर वहाँहरु भन्दा शक्तिमान हुनुहुन्छ र उनिहरु यो चाहन्छन कि अव उनिहरु येशुको साथ बस्न चाहन्छन। यति मात्रले तपाईको सत्य शिक्षाको प्रशस्त सचेतन र तपाईको शुध्द सिध्दान्त को योग्यतालाई सहि सित दर्शाउन सक्दैन। यि आवश्यक सामाग्री हुन तर यदि तपाईले विधि र शुभसमाचार मिसाउनु भयो भने कोही पनि यस वाट लाभवन्तित हुदैनन। सवै भन्दा खराब अलपत्रता तब हुन्छ जब शुभसमाचार विधि संग भनिन्छ तर यसले शासन गर्दैन। एउटा शिक्षकले यो सोच्न सक्छ कि उसले प्रायजसो शुभसमाचार सत्य साथ शिक्षा दिएको छ। यध्यपी मानिसहरु जसोतसो कुनै अवसरमा मात्र येशुलाई विश्वास गर्न भनेको याद राख्दछन। तपाईको मानिसहरुको आत्मालाई शुभसमाचारले शासन गरेन भने मृत्युको लागि भोकाउने छन किनभने जिवन को रोटी विधी होइन जिवनको रोटी भनेको शुभमसमाचार हो।

# टिप्पणी ८ को प्रश्नोत्तर : विधी र शुभसमाचार

*भाग १ –*

क्रिस्तियन शिक्षामा विधि र शुभसमाचार को आर्दश सन्तुलन भनेको के हो ?

*भाग २ –*

लुका २:१४ के भन्दछ ?

*भाग ३ –*

यो भागलाई आफ्नै शब्दमा बर्णन गर्नुहोस ।

*भाग ४ –*

१ कोरेन्थी १५:३ कसरी व्यक्तिगत रुपले तपाईमा लागु हुन्छ ।

*भाग ५ –*

तपाईले आफ्नो शिक्षामा किन शुभसमाचारलाई शासन गर्न दिनुहुन्छ ?

*छलफल को लागि*

तपाई को अर्को अध्यापन को लागि तपाईले शुभसमाचारलाई प्रथम दिनको कक्षामा कसरी शासन गर्न दिनु हुनेछ ?

Multi-Language Productions
Bringing the Word to the World

Law and Gospel - Nepali
MLP Catalog Number: 383396